## निर्णय नं. १ (एक)

इनरूवा नगरपालिकाको आ.ब. ०७३।०७४ को बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि सम्पन्न सर्वपक्षीय अन्तरक्रियाबाट प्राप्त सुझाव एवं वडा भेलाहरूबाट प्राप्त सुझाव, राजश्व परामर्श समितिको सिफारीस अनुसारका आम्दानी, करका दरहरू, सिफारिस दस्तुरहरूको विवरण, बजेट तर्जुमा समितिबाट तयार भएको आ.ब. ०७३।०७४ को लागि प्रस्तावित बजेट, नीति तथा कार्यक्रम मस्यौदा र एकिकृत योजना तर्जुमा समितिबाट प्राप्त सुझाव समेतका आधारमा गत आ.ब. ०७१।०७२ को यथार्थ आय ब्यय, चालु आ.ब. ०७२।०७३ मंसिर मसान्त सम्मको यथार्थ आय र व्यय तथा संशोधित बजेट नीति तथा कार्यक्रम र आगामी आ.ब. ०७३।०७४ को विभिन्न बजेट रकममा विनियोजन सहितको बजेट नीति तथा कार्यक्रम इनरूवा नगरपालिकाको मिति २०७१।९।२८ गते बसेको बोर्ड बैठकबाट निर्णय भई यस २२ औं नगर परिषद बैठकमा स्वकितार्थ पेश हुन आएको देहाय अनुसारको बजेट, नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

## नीतिगत मार्गदर्शन

नगरपालिकाबाट निम्न बमोजिमको नीतिगत मार्गदर्शनको आधारमा विषयगत र क्षेत्रगत नीति, कार्यक्रम तर्जुमा गरिएको छ ।

- विकासका कार्यहरूमा अधिकतम रूपमा सरोकारहरूलाई परिचालन गर्ने नगरपालिकाको भूमिका निर्णायक, उत्प्रेरक, अनुगमनकर्ता, समन्वयकर्ता एवं नियमनकर्ताको रूपमा स्थापित गर्दै जाने नीतिलाई सम्बोधन हुने खालका कार्यक्रमहरू ।
- जनसहभागिता, लागत सहभागिता, स्थानीय श्रोत साधनको परिचालन मार्फत शसक्तिकरण, मुल प्रवाहीकरण मार्फत समावेशी एवं दिगो विकासलाई सहयोग गर्ने खालका कार्यक्रमहरू ।
- नेपाल सरकार, राष्ट्रिय योजना आयोग, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, जि.वि.स. बाट प्राप्त मार्गदर्शन एवं निर्देशनहरू ।
- नेपाल सरकारको सुशासन कार्ययोजना आर्थिक विकास, शासकीय तथा आर्थिक सुधारको कार्ययोजना र समृद्धिको कार्ययोजना लगायतले परिलक्षित गरेका कार्यक्रमहरू ।
- संस्थागत सुशासन, उत्तरदायित्व एवं जवाफदेहिता सुनिश्चित गर्न सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, नागरिक सर्वेक्षण, समिक्षा आदिलाई प्राथमिकता दिनुपर्ने सरकारी मार्गदर्शन अनुकुलका कार्यक्रमहरू ।
- नगरपालिकाको आन्तरिक श्रोतसाधनको परिचालनलाई बढाउदै फराकिलो बनाउने तथा न्यूनतम दरलाई परिपुर्ति गर्ने खालका कार्यक्रमहरू ।
- स्थानीय स्वायत्त शासन ऐ, नियमावली, निर्देशिका आदिले परिलक्षित गरेका बिषयहरू र ती बिषयलाई सम्बोधन गर्न सकिने कार्यक्रमहरू ।
- स्वायत्त शासनको माध्यमबाट विकासमा जनताको अधिकतम मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरूको न्यायोचित वितरण गर्ने संवैधानिक मार्गदर्शन अनुकुलका कार्यक्रमहरू ।
- चालु १३ औं त्रिबर्षिय योजनाले लिएका उद्देश्य तथा स्थानीय निकायले प्राप्त गर्नुपर्ने भनी निर्धारित गरेका सूचक र ति सूचकले परिपुर्ति गर्ने खालका कार्यक्रमहरू ।

# नीति तथा कार्यक्रमहरू

## पुर्वाधार तथा संरचना विकास तर्फ

- नगरपालिका क्षेत्रभित्र निर्माण हुने भित्री सडकलाई कालोपत्रे भन्दा ढलानलाई प्रोत्साहन गरीदै लगिनेछ । रू. पाँच लाख भन्दा बढीका आयोजनाहरूको हकमा आयोजनाको सार्वजनिक जानकारी दिने होर्डिङ्ग बोर्ड अनिवार्य रूपमा राख्ने ब्यवस्था गरिनेछ । साथै नागरीक पारदर्शिताका लागि रू. पाँच लाख भन्दा बढीका आयोजनाहरूको सम्पन्न पश्चात योजना सम्बन्धि विवरण न.पा. क्षेत्रबाट प्रकाशित हुने पत्रिकामा अनिवार्य प्रकाशन गर्नुपर्ने तथा अनिवार्य रूपमा होर्डिङ्ग बोर्ड राख्नुपर्ने नीति लिएको छु । स्थानीय जनसहभागिता वापतको रकम भुक्तानी नगर्ने ब्यक्तिहरूको विवरण सम्बन्धित उपभोक्ता समिति, टोल विकास समिति तथा सम्बन्धित निकायहरूको सिफारीसमा कालो सूचीमा राखीने छ । त्यस्ता ब्यक्ति तथा संस्थालाई नगरपालिकाबाट प्रदान गर्ने सेवा, सुविधा बन्द गरिने नीति लिईनेछ ।
- इनरूवामा बढदै गएको सवारी साधनको चापलाई मध्यनजर गर्दै उपयुक्त स्थानमा पार्किङ्गको ब्यवस्था गर्न, सवारी दुर्घटनालाई न्यूनिकरण गर्न, डिभाईडर निर्माण गर्न सडक नक्शांकन कार्य थालिनेछ । निःशुल्क पार्किङ्गको स्थान पहिचान गर्ने कार्य यसै आ.ब. बाट शुरू गरिने छ । सरोकारवाला संस्थाहरूको सहभागितामा साझा संयन्त्र बनाई पार्किङ्ग ब्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।
- सडक मापदण्ड, विकास कार्यको प्रभावकारीता, नयाँ योजनाको पहिचान, भवन मापदण्ड, सार्वजनिक जग्गाको अतिक्रमणको अनुगमन गरी कारवाही सिफारीस गर्न सर्वदलिय संयन्त्रको निर्माण गरिनेछ । यसको छुट्टै TOR बनाईसकिएको छ । विवाद समाधान उपसमिति, जाँचपास तथा फरफारक समितिको कृयाशिलतालाई निरन्तरता दिईनेछ ।
- सडक बत्तिको दिर्घकालीन व्यवस्थापन गर्न शौर्य प्रणालीमा आधारीत सडक बत्ति जडान कार्य गर्न बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्र सँग सहकार्य यसै आ.ब. देखि शुरू गरिनेछ । उक्त कार्य गर्नको लागि रू. ५०००००।०० (अक्षरेपी रू. पांच लाख मात्र) विनियोजन गरेको छु । शौर्य प्रणालीमा आधारीत सडक बत्ति व्यवस्थापन गर्दै **'हाम्रो शहर उज्यालो नगर'** लाई साकार बनाउन विशेष अभियाननै संचालन गरिनेछ ।
- प्रत्येक आ.ब. को बैशाख मसान्त सम्म सम्झौता हुन नआएका योजनाहरूलाई बढी सहभागिता हुने योजनाहरूमा प्राथमिकता साथ कार्यक्रम संशोधन गरी कार्यान्वयन गरिनेछ । पेश्की फर्छ्यौटका लागि विशेष अभियान संचालन गरिनेछ । पेश्की फर्छ्यौट नगर्ने उपभोक्ता समितिको अद्यावधिक विवरण तयार गरी सार्वजनिक गरिनेछ पेश्की फर्छ्यौट नभए सम्म नयाँ सम्झौता नगरिने र अटेर गर्ने संघ संस्थाका पदाधिकारी तथा उपभोक्ता समितिको कालो सूची तयार गरी नगरपालिकाको सेवा सुविधाबाट बन्चित गरिने नीति लिईनेछ ।
- कार्यालयबाट सञ्चालीत योजनाहरूमा बाल श्रम प्रयोग गरीएको पाईएमा उक्त योजना खारेज गर्ने नीति कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- यसै बर्ष गत आ.ब. मा संचालन भएका योजना तथा कार्यक्रमहरू उत्कृष्ट रूपमा सम्पन्न गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने कार्यक्रम रहेको छ र उत्कृष्ठ काम गर्ने तिन वटा उपभोक्ता समितिलाई निश्चित सूचक बनाई सार्वजनिक समारोह वीच नगद र सम्मान पत्र दिई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईएको छ ।

- नगरपालिकाबाट संचालन हुने योजनाहरूमा अधिकतम जनसहभागिता हुने योजनाहरूलाई पहिलो प्राथमिकता दिईनेछ । नगरपालिकाको वर्तमान ७०:३० को अवधारणालाई कायमै गरिएको छ । सार्वजनिक जग्गा, सुकुम्वासी तथा विपन्न वस्ती रहेको अवस्थामा ५ देखि १५ प्रतिशत सम्म जनसहभागिता कम गर्न सकिने ब्यवस्था गरिएको छ । जनसहभागिता ५० प्रतिशत भन्दा बढी हुने उच्च प्राथमिकताका आयोजनाहरूलाई मागेकै बखत स्वीकृत गर्ने नीति अवलम्वन गरिनेछ ।
- वडास्तरीय योजना तर्फ माटो पुर्ने, सडक ग्राभेल गर्ने जस्ता प्रकृतिका योजनाहरूलाई निरूत्साहित गरीदै लगिनेछ । वडास्तरीय बजेट तर्फ हाल कायम रहेको सिमालाई जनसंख्या, भूगोल, राजश्व आदी जस्ता सूचकमा आधारित बनाईने नीति लिईनेछ ।
- एक घर दुई रूख, अपाङ्ग तथा बाल मैत्री संरचना, भुकम्प प्रतिरोधात्मक संरचना निर्माण, प्रत्यक्ष रोजगारी सृजना गर्ने कम्तीमा एक आयोजना महिलाकै सहभागितामा मात्र संचालन गर्ने नीति लिईनेछ ।
- न.पा. क्षेत्र भित्र रहेका कालोपत्रे सडकमा भएका Speed Breaker (हम्प्स) हरूलाई हटाउने कार्य तुरून्त प्रारम्भ गरिनेछ ।

**<u>जनसंख्या तथा सामाजिक विकास तर्फ</u>**

- नगरक्षेत्रमा कार्यरत सबै गैह्सरकारी संस्थाहरूको प्रोफाईल तयार गरी गैह्सरकारी संस्थाहरूलाई नगरपालिका प्रति उत्तरदायि बनाउन गै.स.स. कै सहयोग तथा सहकार्यमा आवश्यक नीतिगत व्यवस्था गरिनेछ । नगरपालिकामा NGO Desk स्थापना गरि एक संयुक्त संयन्त्रको स्थापनबाट गै.स.स. का कार्यलाई नगरवासी प्रति उत्तरदायी बनाउन आवश्यक समन्वय गर्न तथा नगरपालिकाको प्राथमिकता सँग मेल खाने गरि सहकार्य एवं साझेदारी गर्न अनुगमनलाई प्रभावकारी बनाईनेछ । न.पा. मा कार्यक्रम, बजेट तथा प्रतिवेदन पेश नगर्ने गैह्सरकारी संस्थाहरूलाई नविकरणको लागि सिफारीस गरिने छैन। साथै उक्त संस्थालाई न.पा. बाट दिइने सेवा सुविधा बन्द गरिने छ, साझेदारिता पनि नगरिने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- संचार तथा पत्रपत्रिका सहयोग कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिइने छ । नगरपालिकाको गतिविधिको जानकारी प्रदान गर्न बिद्युतीय पत्रकारिता सँग आवश्यक सहकार्य गरिनेछ । नगरपालिकाबाट प्रदान गर्ने नगरक्षेत्रका पत्रकारहरूको सुविधालाई निश्चित मापदण्डमा आधारित बनाउन पत्रकार महासंघसँग आवश्यक सहकार्य गरिनेछ ।
- नगरक्षेत्रभित्रका बालबालिकाहरूको बिद्यालय पहुँच कार्यक्रमलाई विस्तार, छात्रबृतिका अवसर सृजना, प्रौढ साक्षरता अभियान, नगरक्षेत्रका सामुदायिक बिद्यालयका उत्कृष्ट छात्र/छात्रा सम्मान कार्यक्रमलाई निरन्तरता दिएको छु । नगरपालिका क्षेत्रमा संचालित बाल विकास केन्द्रलाई सामुदायिकीकरण, एकिकरण र सशक्तिकरण गर्न विशेष नीति लिइनेछ । १५ भन्दा कम बालबालिका भएको बाल विकास केन्द्रलाई सम्भाब्यताको आधारमा एकिकरण गरिनेछ ।
- नगरक्षेत्र भित्रका टोल विकास संस्थाको क्षमता विकासलाई जोड दिईनेछ । टोल विकास संस्थाको आत्मनिर्भरताको लागि सरसफाई शुल्क, फोहोरमैला व्यवस्थापन, सामुदायिक परिचालन, तथ्यांक संकलन जस्ता कार्यहरूमा क्षमता, दक्षता र आवश्यकताको आधारमा टोल

विकास संस्थासँग साझेदारी गरिनेछ । शहरी गरिवी पहिचान गरि न्यूनिकरणका लागि टोल विकास संस्थालाई परिचालन गरिनेछ । टोल विकास संस्थाको माध्यमबाट संचालित कार्यक्रमबाट प्राप्त आयको निश्चित प्रतिशत रकम टोल विकास संस्थाको ब्यवस्थापनका लागि अनुदान दिने नीति लिईनेछ ।

- २०७२ चैत्र मसान्त भित्रमा इनरूवा नगरपालिकालाई पुर्ण खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरि २०७२ बैशाख मसान्त भित्रमा सम्पुर्ण वडाहरूमा सरसफाई कार्ड वितरण तथा आ.ब. ०७३।०७४ देखि न.पा. बाट दिईने सेवा सुविधामा अनिवार्य रूपमा लागु गरिनेछ ।
- युवा क्षेत्रको विकासको लागि राजश्व संकलनका लागि तथ्यांकिय आधार निर्माण, सचेतना कार्यक्रम आदिमा युवा स्वयंसेवक परिचालन गर्ने नीति लिएको छु । इनरूवालाई खेलकुदको केन्द्र बनाउन खेलकुद अभियानमा गरिने सहयोगलाई यस बर्ष पनि निरन्तरता दिईने छ ।
- फरक क्षमता भएका तथा अपाङ्ग समुदाय, दलित उत्पिडित आदिवासी समुदाय, मुस्लिम उत्थान, यौनिक तथा तेश्रो लिङ्गी, सहित तथा वेपत्ता परिवारको संरक्षण तथा आत्मनिर्भरताका ठोस कार्यक्रम संचालन गर्न यस आ.ब. मा विशेष योजना बनाई कार्य सम्पादन सुचकांकमा उपरोक्त समुदायको सवलिकरण, सशक्तिकरण मार्फत मुल प्रवाहीकरणमा जोड दिन सम्बद्ध पक्षको सहकार्यमा अल्पकालिन तथा दिर्घकालीन कार्य योजना निर्माण गरि क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी अनुगमनको ब्यवस्था मिलाईनेछ । बैंक मार्फत भत्ता वितरणलाई थप प्रभावकारी बनाईनेछ ।
- नगर प्रोफाईल ब्यवस्थित गर्न प्रत्येक वडाको वडा प्रोफाईल तयार गर्ने, श्रोत नक्सा तयार गर्ने, विपन्न वर्ग पहिचान, गरिवी नक्सांकन गर्ने, गरिवी पहिचान गरी परिचय पत्र वितरण एवं सामाजिक परिचालन, नक्सांकन गर्ने जस्ता कार्यलाई संचालन गर्ने नीति लिइनेछ ।
- इनरूवा नगरपालिकाको सूचना केन्द्रलाई सुदृढ र प्रभावकारी बनाईनेछ, सबै किसिमका तथ्यांक एकिकृत रूपमा संचालन गर्न एकिकृत तथ्यांक प्रणाली लागु गरिनेछ । इनरूवा नगरपालिकाको वेभसाईटलाई नियमित अध्यावधिक गरिनेछ । विद्युतीय सुशासनलाई विशेष प्राथमिकताका साथ संचालन गरिनेछ ।
- महिला सशक्तिकरण कार्यक्रमलाई कार्य सम्पादन सुचकांक आधारित बनाईनेछ । नगरपालिकाको स्वीकृत मापदण्ड अन्तरगत उत्कृष्ठ कार्य सम्पादन गर्ने आमा समुह, टोल विकास संस्था, महिला समन्वय समितिलाई पुरस्कृत गर्ने नीति लिईनेछ । नगरका सवै संरचनामा कम्तिमा ४०% महिला सहभागीता हुनुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।

**भूमि तथा जलश्रोत तर्फ**

- न.पा. क्षेत्र भित्र खानेपानीको लाईन विस्तार, क्षमता विस्तार आदी कार्यमा उपभोक्ता स्तरबाट माग बढिरहेको सन्दर्भमा आवश्यकता, औचित्यता र सान्दर्भिकता हेरी अधिकतम सहयोग गरिनेछ । खानेपानी उपभोक्ता संस्था सँग आवश्यक समन्वय गरी उक्त संस्थालाईनै जिम्मेवार बनाईनेछ । यसको लागी खानेपानी डिभिजन कार्यालय र खानेपानी उपभोक्ता समिति, इनरूवा सँग समन्वय र सहकार्य गरिनेछ ।

- न.पा. क्षेत्र भित्र सुकुम्वासी वस्ति लगायत नियमानुसार निर्माण भएका घरहरूमा बत्ति तथा पानीको सिफारीसलाई यसै आ.ब. भित्र सम्बन्धित निकायहरूको समन्वयमा मापदण्ड बनाई लागु गरिनेछ ।
- इनरूवा नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पर्ति तथा सरकारी जग्गाहरूमा बढदै गएको अतिक्रमणलाई निरूत्साहित गर्न सम्पुर्ण सार्वजनिक पर्ति जग्गाको एवं सरकारी जग्गाहरूको अध्यावधिक अवस्था सहित पुस्तिका प्रकाशन गरिनेछ । न.पा. क्षेत्र भित्रका चौतारीहरू, मठ, मन्दिर, नहर, कुलो आदी सम्पदाको संरक्षणलाई प्राथमिकता दिईनेछ । साथै सार्वजनिक पर्ति पहिचान भएका जग्गा, सम्पदाहरूलाई नगरपालिकाको नाममा दर्ता गर्न आवश्यक प्रकृया थालिनेछ । पहिचन भएका जग्गाहरूको दर्ता प्रकृया अघि बढाउने कार्यलाई उच्च प्राथमिकतामा दिईनेछ ।
- त्रिवेणी घाटमा बन्न सक्ने उपयुक्त संरचनाको अध्ययन गरी कार्य प्रारम्भ गरिनेछ ।

## कृषि, वन तथा वातावरण तर्फ

- हाम्रो अभिभारा **स्वच्छ, सुन्दर, हराभर इनरूवालाई** सार्थक बनाउन हरियाली प्रवर्द्धन कार्यक्रमलाई विशेष जोड दिदै **Go Green** अभियान अघि बढाईनेछ । प्राकृतिक श्रोत सम्पदाको संरक्षण र प्रवर्द्धनको लागि सार्वजनिक सम्पदाहरूको अभिलेखिकरण यसै आ.ब. भित्र सम्पन्न गरिनेछ ।
- नगरपालिकामा बढ्दो रूपमा उत्र्सजन हुदै गरेको फोहोरमैला श्रोत मै व्यवस्थापन गर्न आवश्यक कार्यविधि बनाईनेछ । फोहोरमैलाको दिर्घकालिन व्यवस्थापन र यस क्षेत्रमा प्राप्त हुने सहयोगलाई एकिकृत डालो प्रणालीमा आवद्ध गर्न बृहत् कार्यशाला आयोजना गरि यस क्षेत्रमा संचालित संघसंस्थाको किटान गरिनेछ । केहि छानिएका क्षेत्रमा फोहोरमैला व्यवस्थापन गर्न टोल विकास संस्था, निजी क्षेत्रसँग सहकार्य गरिनेछ । जथाभावी फोहोरमैला फाल्नेलाई आवश्यक कारवाही गर्न एउटा टोलीको निर्माण गरि प्रवर्द्धात्मक, निरोधात्मक र दण्डात्मक अभियानलाई तिव्रता दिईनेछ । विशेष सरसफाई अभियानलाई निरन्तरता दिईनेछ । नेपाल सरकारबाट जारी भएको फोहोरमैला ऐन, २०६८ लाई कडाईका साथ कार्यान्वयन गर्न कार्ययोजना बनाईनेछ ।
- नगरको सौन्दर्यता कायम गर्न अब्यवस्थित फुटपाथ ब्यवसायलाई ब्यवस्थित गर्न पार्क तथा बगैचा लगायत सम्भाब्य सम्पदाहरूको समुचित विकास तथा परिचालन गर्न सार्वजनिक निजी साझेदारी नीति मार्फत अघि बढाईनेछ ।
- इनरूवा नगर क्षेत्रभित्र रहेका कृषि समुह, वातावरण समुहहरू लगायत सम्बन्धित समुदायमा आधारित संघ संस्थाहरूलाई वातावरण संरक्षण, सम्बर्द्धन र व्यवस्थापन तथा फौहरको उचित व्यवस्थापन गर्नको लागि जनचेतनामुलक कार्यक्रम गर्न वातावरणीय क्षमता अभिबृद्धि गराउने नीति अवलम्बन गरिनेछ ।
- घरबाट निस्कने फोहोरमैलालाई बर्गिकरण गरि श्रोतमानै व्यवस्थापन गर्न सकिने जस्ता जनचेतनामुलक कार्यक्रमहरू सवै वडाहरूमा संचालन गरी नगरको वातावरणलाई स्वच्छ, सुन्दर र सफा बनाउनको लागि फोहोरको न्यूनिकरण गर्ने तर्फ अघि बढिनेछ ।

- कृषि उपजलाई ब्यवस्थित गर्न निश्चित क्षेत्र (Pokcet Area) तोकि कृषिजन्य थोक बजार, खुद्रा बजार, फलफुल ब्यवसायलाई ब्यवस्थित गरिनेछ ।
- इनरूवा न.पा. क्षेत्रका १० वटै वडा भित्रका बिद्युतिय पोलहरूमा ईनामेल पेन्ट गरी वातावरण, राजश्व, नक्सा र फोहोरमैला व्यवस्थापन सम्बन्धि जनचेतनामुलक भनाईहरू लेख्ने कार्यको थालनी गरिनेछ ।
- इनरूवा न.पा. वडा नं. ८ मा रहेको विउ बिजन प्रशोधन केन्द्रलाई उपकरण खरिदको लागी केही रकम उपलब्ध गराईनेछ ।
- कृषि, वन तथा वातावरण सम्बन्धि कार्य जिल्ला वन कार्यालय, जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालय सँग समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ ।
- नगरक्षेत्र भित्रका भुस्याहा कुकुर लाई बन्ध्याकरण गर्न सम्बन्धित गैर सरकारी संस्थाको सहयोगमा विशेष अभियान संचालन गरिनेछ ।
- नगरक्षेत्र भित्र बढ्दै गईरहेको छाडा चौपायाको दिर्घकालिन नियन्त्रणको लागि आवश्यक प्रकया यस आ.ब. देखि शुरू गरिनेछ ।
- सरसफाई क्षेत्रमा कार्यरत कर्मचारीको नियमित स्वास्थ्य परिक्षण गरिनेछ । नगरपालिकाको निश्चित क्षेत्रलाई फोहोरमैला तथा प्लाष्टीक मुक्त नमुना क्षेत्र बनाईनेछ । यसको लागि छुट्टै कोषको स्थापना गरिनेछ ।
- फोहोरमैलाको दिर्घकालिन ब्यवस्थापनको लागि रणनीति निर्माण कार्य यस आ.ब. बाट शुरू गरिनेछ । फोहोरमैला व्यवस्थापन 3R (Reduce, Reuse, Recycle) को  अवधारणा बमोजिम प्रवर्द्धनात्मक, निरोधनात्मक तथा उपचारात्मक कार्यलाई घनीभुत रूपमा अघि बढाई फोहोरमैला व्यवस्थापन कार्यमा निजी क्षेत्र सँग समन्वय गरीनेछ ।
- इनरूवा नगरक्षेत्र भित्रका सरकारी तथा निजी अस्पतालहरूबाट निस्कने अस्पतालजन्य फोहोर दिर्घकालिन व्यवस्थापन गर्नको लागि एक अनुगमन टोली गठन गरि कार्य सुचारू रूपले संचालन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।
- पशुपंक्षी विकास मन्त्रालय र जिल्ला पशु सेवा कार्यालय सँग समन्वय गरी नगरको उचित स्थानको छनौट गरी अत्याधुनिक पशु बद्यशाला निर्माणको लागी आवश्यक कदम चालिनेछ ।

**<u>संगठन तथा प्रशासन तर्फ</u>**

- बढिरहेको प्रशासनिक खर्चलाई न्यूनिकरण गर्न आर्थिक अनुशासन निर्देशिका बनाई लागु गरिनेछ । अत्यावश्यक बाहेक अन्य दरबन्दी सृजना, भर्ना गरिने छैन। हाल रिक्त रहेको दरबन्दीलाई पुनरावलोकन गर्दै अनावश्यक दरबन्दी खारेज गर्दै संगठनलाई Down Sizing and Right Sizing  मा ल्याइनेछ ।
- कर्मचारीको सुविधा र शर्त सम्बन्धमा विनियमावली तर्जुमा गरी यसै बर्षमा लागु गरिनेछ । संगठनको वर्तमान संगठन संरचनालाई पुनरावलोकन कार्य यसै आ.ब. मा सम्पन्न गरिनेछ ।
- नोडल अधिकृत, प्रवक्ता, सूचना अधिकृतको कामलाई प्रभावकारी बनाउदै लगिनेछ । कर्मचारी पेश्कीलाई यस आ.ब. भित्र असुल, फर्छयौट गर्न विशेष नीति अख्तियार गरिनेछ ।

नगरपालिकको अत्यावश्यक सेवा अन्तरगत दमकल सेवालाई थप प्रभावकारी बनाईनेछ । कर्मचारीको क्षमता विकासलाई बढाउन विशेष कार्यक्रम तर्जुमा गरिनेछ । प्रशासनिक तथा अनावश्यक खर्चहरूलाई क्रमश कम गर्दै लगिनेछ ।

- कार्यसम्पादनको आधारमा उत्कृष्ठ कार्य गर्ने कर्मचारीहरूलाई पुरस्कृत गरिनेछ ।
- सुशासन प्रवर्द्धन र सहकार्यको लागि संस्थाहरूसँगको समन्वय र सहकार्यलाई विशेष प्राथमिकता दिईनेछ ।
- कार्यालयको आन्तरीक व्यवस्थापनलाई प्रभावकारी बनाउन कार्यालयमा ब्यवस्थापन सूचना प्रणाली (Management Information System) MIS Unit स्थापना गरिनेछ ।
- नगरपालिकाको सोन्दर्य विगार्ने गरी राखिएका होर्डिङ्ग बोर्डलाई तत्कालै नियमन गरिनेछ । नगरपालिकाको स्वीकृती तथा सहमती बेगर राखिएका होर्डिङ्गबोर्डहरूलाई यसै आ.ब. भित्र हटाई सकिनेछ ।
- सेवाग्राहीको अधिकार सम्वोधन गर्न क्षतिपुर्ति सहितको नागरिक वडापत्र जारी गरिनेछ । यसको लागि क्षतिपुर्ति कोष खडा गरिनेछ । समयमै सेवा प्राप्त नभएमा यसै कोषबाट क्षतिपुर्ति दिईनेछ । जसबाट नगरपालिकाको सेवा प्रवाह अझै प्रभावकारी हुने विश्वास लिएको छु ।
- कार्यालय भित्र हुन सक्ने अनियमिततालाई रोक्न शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ । सेवा प्रवाहमा पारदर्शिता एवं जवाफदेहीता कायम गर्न गुनासो सुनुवाई, उजुरी व्यवस्थापनलाई शिघ्र प्रभावकारी बनाईनेछ । सेवा प्रवाहमा बिद्युतीय शुशासनको मान्यता अनुसार कार्यालयको कामलाई प्रविधि मैत्री बनाउदै लगिनेछ । Revenue Software, Accounting Software, GIS, Inventory Management Software जडान कार्य सम्पन्न भई कार्यान्वयनमा रहेको छ । Personnel Information system, दर्ता चलानी Software, ब्यक्तिगत घटना दर्ता आदीलाई पनी आगामी आ.ब. मा सफ्टवेयर प्रणालीमा लगिनेछ । ब्यक्तिगत घटना दर्तालाई Online System मा आधारित बनाईनेछ । नियमित पत्रकार भेटघाट र क्रियाकलापको मासिक रूपमा गरिने सार्वजनिकीकरण मार्फत पारदर्शिता सुनिश्चित गरिनेछ । न.पा. मा जडान गरिएको CCTV र बिद्युतिय हाजिरीलाई थप प्रभावकारी बनाईनेछ ।
- अखाद्य बस्तुको अनुगमन, मासुपसलको अनुगमनलाई तिव्रता दिईएको छ । मासुपसल अनुगमन निर्देशका बनाई अनुगमन लाई थप प्रभावकारी बनाईनेछ ।
- इनरूवा न.पा. सँग मेल खाने स्वेशी र विदेशी नगरपालिका सँग भगिनि सम्बन्ध (Sister Relationship) को लागी कार्य अगाडी बढाईनेछ ।

**राजश्व तर्फ**

- इनरूवा उद्योग बाणिज्य संघ सँगको सहकार्यमा ब्यवसाय कर असुल गर्ने सम्बन्धमा सम्झौता भईसकेकोले सोही अनुसार आवश्यक कार्य सञ्चालन गरिनेछ र ब्यवसाय कर संचालन कार्यविधि सम्बन्धित सरोकारवाला निकायको समन्वयमा जारी गरिनेछ ।
- सिनेमाहल सँग संस्थागत छलफल र निर्णयको आधारमा मासीक रूपमा मनोरनजन कर लिईनेछ भने ब्यापार, मेला, महोत्सव संचालन भई उक्त मेलामा टिकट बाट विभिन्न खेल

प्रदर्शन तथा संचालन भएमा मेला अनुमतिका लागि निश्चित प्रकृया तय गरिनेछ । उक्त प्रकृया पुरा गरे पश्चात मात्र प्रचार सामग्री, गेट लगाउन अनुमति दिईनेछ ।

- कर, दस्तुरहरूको पुर्ण जानकारी र फारामहरू वेवसाईटमा राखिनेछ, कर हटलाईनको ब्यवस्था गरिनेछ ।
- कार्यालयबाट सवै प्रकारका सेवाग्राहिले प्राप्त गर्ने सेवा सुविधालाई निर्देशिका मार्फत ब्यवस्थित गरिनेछ भने सेवा प्राप्त गर्नका लागि कर चुक्ता प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने कानूनि ब्यवस्थालाई कडाईका साथ अवलम्बन गरिनेछ ।
- चालु आ.ब. बाटै संस्थागत निकायहरूबाट बहाल कर संचालन कार्यलाई प्रभावकारी ढंगले अगाडि बढाईनेछ ।
- करदाता सेवा कार्यालय, घरेलु, यातायात ब्यवस्था कार्यालय लगायतका संस्थाहरू सँग समन्वय गरि कर असुली लाई प्रभावकारी बनाईनेछ भने करदाता शिक्षा कार्यक्रम १० वटै वडामा संचालन गरिनेछ ।
- यसै आ.ब. देखि राजश्व असुल उपर गर्नको लागी घुम्ती सेवा संचालन गरिनेछ ।
- उद्योग बाणिज्य संघ सँग समन्वय, सहकार्य र छलफल गरी अरू कार्यक्रमहरू तय गरी लागु गरिनेछ ।

<u>**निर्णय नं. २ (दुई)**</u>

इनरूवा नगरपालिकाको गत आ.ब. ०७०।०७१, ०७१।०७२ को यथार्थ, चालु आ.ब. को मंसिर मसान्त सम्मको यथार्थ तथा संसोधित र आगामी आ.ब. ०७३।०७४ को लागि प्रस्तावित आय व्यय देहाय अनुसार अनुमान गर्ने निर्णय गरियो ।

## आर्थिक वर्ष २०७३/२०७४ को अनुमानीत आय

| आय शीर्षक | आ.ब. ०७०.०७१ को यथार्थ | आ.ब. ०७१.०७२ को | | | आ.ब. ०७२.०७३ को अनुमानित | | | आ.ब. ०७३.०७४ को अनुमानित |
|---|---|---|---|---|---|---|---|---|
| | | अनुमानीत | संसोधित अनुमानित | आषाढ मसान्त सम्मको यथार्थ | अनुमानीत | संसोधित अनुमानित | मंसिर मसान्त सम्मको यथार्थ | |
| **१ - आन्तरिक स्रोत** | **२५७५५३६५.२१** | **२८४३५०००.००** | **२७८१००००.००** | **२८३६७७१५.४२** | **३३१३००००.००** | **४३८१५०००.००** | **९४४०५९०.५५** | **३४२६५०००.००** |
| **१.१ - स्थानीय कर** | **३६९९४०३.२०** | **४४५५०००.००** | **४५३००००.००** | **५१५८३२९.१६** | **७०४००००.००** | **७८३५०००.००** | **२१४२८६१.६५** | **८७१००००.००** |
| १.१.१ - बक्यौता मालपोत बाट | ३३४५४.३९ | ५०००.०० | ५०००.०० | १४८८७.०२ | ५०००.०० | ५०००.०० | १५९३२.१५ | ५०००.०० |
| १.१.२ - घर जग्गा कर | ०.०० | ५०००.०० | ५०००.०० | ०.०० | ५०००.०० | ५०००.०० | ०.०० | ५०००.०० |
| १.१.३ - बहाल कर | १५५३७.८१ | ५००००.०० | २५०००.०० | १५५२०.०९ | १०००००.०० | १०००००.०० | ६३२२८.०० | १५००००.०० |
| १.१.५ - व्यवसाय कर | ६०९१०७.५० | ७०००००.०० | ८०००००.०० | १०४६२३९.०० | ९०००००.०० | ११०००००.०० | ५५५७९२.०० | १२०००००.०० |
| १.१.६.१ - सवारी दर्ता तथा वार्षिक सवारी कर | ९०४३.०० | २५०००.०० | २५०००.०० | ६०८५३.०० | ३००००.०० | ७५०००.०० | ४६७४५.०० | १०००००.०० |
| १.१.६.२ - पटके सवारी कर | ७३४३७०.०० | ८०००००.०० | ८०००००.०० | १२३३५५५.०५ | ९०००००.०० | १२५००००.०० | ०.०० | १३०००००.०० |
| १.१.७ - एकीकृत सम्पत्ति कर | २२८१०९१.५० | २८०००००.०० | २८०००००.०० | २५०२४४५.०० | ५००००००.०० | ५००००००.०० | १४५६०३४.५० | ५५०००००.०० |
| १.१.९ - विज्ञापन कर | १६७९९.०० | ७००००.०० | ७००००.०० | २८४८३०.०० | १०००००.०० | ३०००००.०० | ५१३०.०० | ४५००००.०० |
| **१.२ - सेवा शुल्क** | **९२७३८७०.१३** | **९४८००००.००** | **८६५००००.००** | **८३३११४८.६५** | **९९१००००.००** | **१७७७००००.००** | **४८३७१४१.७८** | **५०५००००.००** |
| १.२.१ - स्वारी पार्किङ्ग शुल्क | ०.०० | १००००.०० | ०.०० | ७२०००.०० | १०००००.०० | २०००००.०० | ०.०० | ३०००००.०० |
| १.२.२.२ - विद्युत महसुल | ८८८३१.५१ | ११००००.०० | १२००००.०० | ११५७१०.१५ | १५००००.०० | १२००००.०० | ४२३६३.२५ | १५००००.०० |
| १.२.६ - अचल सम्पत्ति मूल्याङ्कन सेवा शुल्क | ५०९१७.६२ | ६००००.०० | ४०००००.०० | २१८८१.५० | ४०००००.०० | ५००००.०० | ६१७५७.५३ | १०००००.०० |
| १.२.७ - स्थानीय विकास शुल्क चालु | ४४१३०००.०० | ४५०००००.०० | ४२१००००.०० | ४२१००००.०० | ४८४२०००.०० | ०.०० | ०.०० | ०.०० |
| १.२.७ - थप स्थानीय विकास शुल्क पुँजीगत | ४२५४०००.०० | ४३०००००.०० | ३३२००००.०० | ३३२००००.०० | ३८१८०००.०० | १६७०००००.०० | ४४६६६६६.०० | ३७०००००.०० |
| १.२.८ - अन्य सेवा शुल्क | ४६७१२१.०० | ५०००००.०० | ६०००००.०० | ५९१५५७.०० | ६०००००.०० | ७०००००.०० | २६६३५५.०० | ८०००००.०० |
| **१.३ - दस्तुर** | **३९८४५८१.२२** | **३५७००००.००** | **४५५००००.००** | **४२५८३४१.८४** | **५३५००००.००** | **५३६००००.००** | **१०२९५१५.१४** | **५८७००००.००** |
| १.३.१ - दर्ता नवीकरण | ८३६०७.२२ | १५००००.०० | २०००००.०० | १००९९५.०० | १०००००.०० | ११००००.०० | ३१९७५.०० | १५००००.०० |
| १.३.२ - नक्सा पास दस्तुर | १५८७११२.८९ | १५०००००.०० | १७०००००.०० | १६२९६०६.९० | २००००००.०० | २००००००.०० | ४४११५.४४ | २२०००००.०० |
| १.३.३ - सिफारिश तथा बक्सौनी दस्तुर | २१५१४१२.११ | १८०००००.०० | २४०००००.०० | २३९५४९७.६९ | ३००००००.०० | ३००००००.०० | ८८२४८२.०० | ३२०००००.०० |
| १.३.४ - नाता प्रमाणित दस्तुर | ९४७८४.०० | ७००००.०० | १५००००.०० | ८४६००.०० | १५००००.०० | १५००००.०० | ५७९००.०० | २०००००.०० |
| १.३.५ - अन्य दस्तुर | ६७६६५.०० | ५००००.०० | १०००००.०० | ४७६४२.२५ | १०००००.०० | १०००००.०० | १३०४२.७० | १२००००.०० |
| **१.४ - विक्री** | **३२४६२५.००** | **२१००००.००** | **३१००००.००** | **२०८८२५.००** | **३१००००.००** | **३१००००.००** | **४४७१५.००** | **४१००००.००** |
| १.४.१ - चालु सम्पत्ति विक्री | ०.०० | १००००.०० | १००००.०० | ०.०० | १००००.०० | १००००.०० | ०.०० | १००००.०० |
| १.४.२ - स्थायी सम्पत्ति विक्री | ३२४६२५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| आय शीर्षक | आ.ब. ०७०.०७१ को यथार्थ | आ.ब. ०७१.०७२ को | | | आ.ब. ०७२.०७३ को अनुमानित | | | आ.ब. ०७३.०७४ को अनुमानित |
|---|---|---|---|---|---|---|---|---|
| | | अनुमानीत | संसोधित अनुमानित | आषाढ मसान्त सम्मको यथार्थ | अनुमानीत | संसोधित अनुमानित | मंसिर मसान्त सम्मको यथार्थ | |
| १.४.३ - अन्य विक्री | ०.०० | २०००००.०० | ३०००००.०० | २०८८२५.०० | ३०००००.०० | ३०००००.०० | ४४७१५.०० | ४०००००.०० |
| **१.५ - स्रोत परिचालन** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| १.५.१ - सार्वजनिक निजी साझेदारी | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १.५.२ - अन्य स्रोत परिचालन | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **१.७ - अन्य आय** | **८४७२८८५.६६** | **१०७२००००.००** | **९७७०००००.००** | **१०४११०७०.७७** | **१०५२००००.००** | **१२५४००००.००** | **१३८६३५६.९८** | **१४२२५०००.००** |
| १.७.१ - दण्ड जरिवाना | ३४१०४९.४७ | ४०००००.०० | ४५००००.०० | ४०२१६७.७३ | ५०००००.०० | ७०००००.०० | १४८९८५.४१ | ८०००००.०० |
| १.७.२ - भाडा तथा बहालबाट आय | २६८३८३२.०० | ४००००००.०० | ३५०००००.०० | ३१९२६८३.४९ | ३५०००००.०० | ४००००००.०० | ११७८३७१.५७ | ५००००००.०० |
| १.७.३ - धरौटी जफत | ०.०० | २००००.०० | २००००.०० | १०६२.०० | २००००.०० | २००००.०० | ०.०० | २५०००.०० |
| १.७.४ - धरौटी फिर्ता | २७०४.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १.७.५ - पेश्की फिर्ता | ०.०० | ०.०० | ०.०० | १०८७०२.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १.७.६ - अन्य विविध आय | ५१९०७८५.६६ | ६००००००.०० | ५५०००००.०० | ६७०६४५५.५५ | ६००००००.०० | ७००००००.०० | ५९०००.०० | ७५०००००.०० |
| १.७.६.१ - मर्मत सम्भार कोष | २५४५१४.५३ | ३०००००.०० | ३०००००.०० | ०.०० | ५०००००.०० | ८२००००.०० | ०.०० | ९०००००.०० |
| **२ - बाह्य स्रोत** | **४८८१२१८१.७७** | **५५६६००००.००** | **८५३९४९५०.००** | **७२५२१५२१.३१** | **६४७३१०००.००** | **८६८१७०००.००** | **१३२५७७४१.८७** | **८३५०००००.००** |
| **२.१ - अनुदान** | **२८७९५१३५.००** | **२९१६००००.००** | **४२१०००००.००** | **४०२०६५८५.००** | **३३५०००००.००** | **४२३४२०००.००** | **९८९४६००.००** | **४००००००००.००** |
| २.१.१.१ - नेपाल सरकारबाट अनुदान (शशर्त अनुदान) | १९१९४१३५.०० | १९६०००००.०० | ३३४०००००.०० | ३१४९८५८५.०० | २४५०००००.०० | २७५०००००.०० | ०.०० | २५०००००००.०० |
| २.१.१.२ - नेपाल सरकारबाट अनुदान (निशर्त अनुदान) | ९६०१०००.०० | ९५६००००.०० | ८७००००००.०० | ८७०८०००.०० | ९००००००.०० | १४८४२०००.०० | ९८९४६००.०० | १५०००००००.०० |
| २.१.१.३ - नेपाल सरकारबाट अनुदान (अन्य नगद अनुदान) | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २.१.१.४ - नेपाल सरकारबाट अनुदान (वस्तुगत अनुदान) | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **२.३.१ अन्य अनुदान** | **१५६६६२३.००** | **१००००००.००** | **६००००००.००** | **४९४४९७५.००** | **५००००००.००** | **९५०००००.००** | **४०००००.००** | **७००००००.००** |
| २.३.१.१ अन्य निकाय बाट प्राप्त अनुदान | १५६६६२३.०० | १००००००.०० | ६००००००.०० | ४९४४९७५.०० | ५००००००.०० | ९५०००००.०० | ४०००००.०० | ७००००००.०० |
| **३.१ - जि.वि.स. बाट राजस्व बाँडफाँडबाट आय** | **११४२०३१.००** | **१००००००.००** | **२५०००००.००** | **११५३०८३.५६** | **२५०००००.००** | **१७०००००.००** | **०.००** | **१५०००००.००** |
| ३.१.१ - स्रोत उपयोग करबाट बाँडफाँड | ११४२०३१.०० | १००००००.०० | २५०००००.०० | ११५३०८३.५६ | २५०००००.०० | १७०००००.०० | ०.०० | १५०००००.०० |
| ३.१.२ - बिक्रीबाट बाँडफाँड | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **४.१ - वैदेशिक सहायता** | **३१५५०००.००** | **१२५०००००.००** | **३१५००००.००** | **६९८५४००.००** | **३१५००००.००** | **१००००००००.००** | **१५२४०००.००** | **८००००००.००** |
| ४.१.१ - वैदेशिक सहायता (शशर्त अनुदान) | ०.०० | २५०००००.०० | ३१५००००.०० | ६९८५४००.०० | ३१५००००.०० | १००००००००.०० | १५२४०००.०० | ८००००००.०० |
| ४.१.२ - वैदेशिक सहायता (निशर्त अनुदान) | ३१५५०००.०० | १००००००००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **७.१ - ऋण तथा सापटी** | **०.००** | **०.००** | **१२३२४९५०.००** | **०.००** | **५५८१०००.००** | **११३२५०००.००** | **०.००** | **१००००००००.००** |
| ७.१.२ - अन्य ऋण स्वदेशी | ०.०० | ०.०० | १२३२४९५०.०० | ०.०० | ५५८१०००.०० | ११८८००००.०० | ०.०० | १००००००००.०० |
| **७.२ - सापटी** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| **८.१ - चन्दा दान उपहार** | **७८८२५५०.२९** | **७००००००.००** | **११३५००००.००** | **११३६१९८२.०८** | **७००००००.००** | **१०५०००००.००** | **०.००** | **१२०००००००.००** |
| ८.१.१ - जनसहभागिता | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ८.१.२ - लागत सहभागिता | ७८८२५५०.२९ | ७००००००.०० | ११३५००००.०० | ११३६१९८२.०८ | ७००००००.०० | १०५०००००.०० | ०.०० | १२०००००००.०० |
| **१७.१ - आम्दानी खर्चको हिसाव अल्या** | ६२७०८४२.४८ | **५००००००.००** | **७९७००००.००** | **७८६९४९५.६७** | **८००००००.००** | **१४५००००.००** | **१४३९१४१.८७** | **५००००००.००** |
| | | | | | | | | |
| **जम्मा** | **७४५६७५४६.९८** | **८४०९५०००.००** | **११३२०४९५०.००** | **१००८८९२३६.७३** | **९७८६१०००.००** | **१३११८७०००.००** | **२२६९८३३२.४२** | **११७७६५०००.००** |

# आर्थिक वर्ष २०७३/२०७४ को अनुमानीत व्यय

| खर्च शीर्षक | आ.ब. ०७०.०७१ को यथार्थ | आ.ब ०७१.०७२ को | | | आ.ब. ०७२.०७३ को | | | आ.ब. ०७३.०७४ को अनुमानित |
|---|---|---|---|---|---|---|---|---|
| | | अनुमानीत | संसोधित अनुमानित | आषाढ मसान्त सम्मको यथार्थ | अनुमानीत | संसोधित अनुमानित | मंसिर मसान्त सम्मको यथार्थ | |
| **क - चालु खर्च** | **१६१२४८६९.५०** | **१६९७००००.००** | **१९९३५०००.००** | **२१७९६५६१.४४** | **२०५१२५००.००** | **२२८२७५००.००** | **९३७७५३८.७४** | **२२६०००००.००** |
| **१ - उपभोग खर्च** | **११९४३६०२.४०** | **१२०४००००.००** | **१३४१५०००.००** | **१३३४९६९२.००** | **१३८९००००.००** | **१३३०००००.००** | **६०२३६८०.००** | **१३८६००००.००** |
| १.०१.१ - तलब कर्मचारी | ८७५५७५९.७३ | ८५०००००.०० | ९८०००००.०० | ९८०००००.०० | १००००००० .०० | ९५०००००.०० | ४५०८२६५.८२ | ९८०००००.०० |
| १.०१.३ - कर्मचारी कल्याण कोष | २००००००.०० | २००००००.०० | २००००००.०० | २००००००.०० | २००००००.०० | २००००००.०० | १०५२५५९.८५ | २००००००.०० |
| १.०१.४ - विमा प्रिमियम खर्च | ११७६००.०० | १५००००.०० | १५००००.०० | १०३२००.०० | १५००००.०० | ११००००.०० | १०००.०० | ११००००.०० |
| १.०२.१ - कर्मचारी भत्ता | ४४१२१६.६७ | ५०००००.०० | ४२००००.०० | ४२००००.०० | ५०००००.०० | ४५००००.०० | २१८३७३.३३ | ५०००००.०० |
| १.०२.२ - पदाधिकारी भत्ता | ३५०००.०० | ४००००.०० | ४००००.०० | ४००००.०० | ४००००.०० | ४००००.०० | १५०००.०० | ५००००.०० |
| १.०२.३ - बैठक भत्ता | ९५००.०० | ५००००.०० | २०००००.०० | २०००००.०० | २५००००.०० | ३५००००.०० | १८३०००.०० | ५०००००.०० |
| १.०३ - सरूवा भ्रमण खर्च तथा दैनिक भत्ता | ०.०० | ५००००.०० | ५००००.०० | ५००००.०० | ५००००.०० | ५००००.०० | ०.०० | ५००००.०० |
| १.०४ - पोशाक | ४३५०००.०० | ४५००००.०० | ४५००००.०० | ४४९४९५.०० | ४५००००.०० | ४५००००.०० | ०.०० | ४५००००.०० |
| १.०५ - खाद्यान्न तथा आहार | ७०२००.०० | १५००००.०० | ८००००.०० | ८००००.०० | १५००००.०० | ५००००.०० | १५०००.०० | १०००००.०० |
| १.०६ - औषधी उपचार | ७९३२६.०० | १०००००.०० | १७५०००.०० | १५६९९७.०० | २०००००.०० | २०००००.०० | ३०४८१.०० | २०००००.०० |
| १.०८ - तालिम कार्यक्रम खर्च | ०.०० | ५००००.०० | ५००००.०० | ५००००.०० | १०००००.०० | १०००००.०० | ०.०० | १०००००.०० |
| **२ - कार्यालय सञ्चालन र सेवा खर्च** | **३७८१९०७.६०** | **३९८००००.००** | **५१२००००.००** | **५११०१४३.४४** | **५१२२५००.००** | **७५७७५००.००** | **३०३१४९८.७४** | **६९४००००.००** |
| २.०१ - पानी तथा बिजुली महशुल | २४२०२३.९२ | ५०००००.०० | ४०००००.०० | ३९७५२३.८५ | ५०००००.०० | ३५००००.०० | ११७१२४.२० | ४०००००.०० |
| २.०२ - सञ्चार महशुल | २६६५०१.३६ | ३०००००.०० | २०००००.०० | १९९९९५.२४ | २०००००.०० | ३०००००.०० | ७६८६६.८५ | ३०००००.०० |
| २.०३ - कार्यालय सञ्चालन सम्वन्धी खर्च | १२००३४१.१२ | ११०००००.०० | १५०००००.०० | १४९८३६५.०० | १५०००००.०० | २२४७५००.०० | १२९८३३८.२४ | २००००००.०० |
| २.०४ - भाडा | १८३३०.०० | १०००००.०० | १५००००.०० | १४९९५०.०० | १५००००.०० | ३०००००.०० | ११६५०५.०० | १५००००.०० |
| २.०५ - मर्मत तथा सम्भार | ५६०९९१.०० | ३०००००.०० | ४०००००.०० | ३९४७३१.३५ | ४५००००.०० | ६०००००.०० | १७०४७०.५५ | ५०००००.०० |
| २.०६.२ - सवारी इन्धन कर्मचारी | ८६०२६६.२० | ६०००००.०० | ८०००००.०० | ७९९७०२.३४ | ८०००००.०० | १००००००.०० | २९८७०४.९० | १००००००.०० |
| २.०६.३ - अन्य इन्धन | ७९६६९.०० | १०००००.०० | १५००००.०० | १४९९१५.०० | १५००००.०० | १५००००.०० | १९२२०.०० | २०००००.०० |
| २.०७.१ - परामर्श शुल्क | ५५०००.०० | ३०००००.०० | ५०००००.०० | ५०००००.०० | ५०००००.०० | १००००००.०० | ३३४५००.०० | ८०००००.०० |
| २.०८.१ - सदस्यता शुल्क | ०.०० | २००००.०० | २००००.०० | २००००.०० | २२५००.०० | ३००००.०० | ०.०० | ३००००.०० |
| २.०८.२ - आर्थिक सहायता | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २.०८.३ - पुरस्कार | ०.०० | १००००.०० | ५००००.०० | ५००००.०० | ५००००.०० | १०००००.०० | १९८००.०० | ६००००.०० |
| २.०८.४ - परिषद सञ्चालन खर्च | १०००००.०० | १५००००.०० | ३०००००.०० | ३०००००.०० | २०००००.०० | ५०००००.०० | ०.०० | ५०००००.०० |
| २.०८.५ - विविध खर्च | ३९८७८५.०० | ५०००००.०० | ६५००००.०० | ६४९९६०.६६ | ६०००००.०० | १००००००.०० | ५७९९६९.०० | १००००००.०० |
| **३ - अनुदान** | **०.००** | **१५००००.००** | **५०००००.००** | **२५५५२००.००** | **६०००००.००** | **६५००००.००** | **०.००** | **६५००००.००** |
| ३.०१ - सार्वजनिक संस्थालाई अनुदान | ०.०० | १०००००.०० | ०.०० | १०००००.०० | १०००००.०० | १५००००.०० | ०.०० | १५००००.०० |
| ३.०४ - सामाजिक सुरक्षा अनुदान | ०.०० | ५००००.०० | ५०००००.०० | २४५५२००.०० | ५०००००.०० | ५०००००.०० | ०.०० | ५०००००.०० |
| **४ - सेवा खर्च** | **३९९३५९.५०** | **८०००००.००** | **९०००००.००** | **७८१५२६.००** | **९०००००.००** | **१३०००००.००** | **३२२३६०.००** | **११५००००.००** |
| ४.०२ - औषधी तथा अस्पताल सञ्चालन खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ४.०३ - पुस्तक तथा सामाग्री | ७९६३१.५० | १५००००.०० | १५००००.०० | ११३७९१.०० | १५००००.०० | १५००००.०० | ०.०० | १५००००.०० |

| खर्च शीर्षक | आ.ब. ०७०.०७१ को यथार्थ | आ.ब ०७१.०७२ को | | | आ.ब. ०७२.०७३ को | | | आ.ब. ०७३.०७४ को अनुमानित |
|---|---|---|---|---|---|---|---|---|
| | | अनुमानीत | संसोधित अनुमानित | आषाढ मसान्त सम्मको यथार्थ | अनुमानीत | संसोधित अनुमानित | मंसिर मसान्त सम्मको यथार्थ | |
| ४.०४ - कार्यक्रम खर्च | ४३०००.०० | ५००००.०० | ५००००.०० | ४९९४०.०० | ५००००.०० | ५००००.०० | ०.०० | १०००००.०० |
| ४.०५.२ - कार्यक्रम भ्रमण खर्च कर्मचारी | २७६७२८.०० | ४०००००.०० | ५०००००.०० | ४८१९२९.०० | ५०००००.०० | ५०००००.०० | २२२३६०.०० | ५०००००.०० |
| ४.०६ - निर्मित सार्वजनिक सम्पत्तिको सम्भार खर्च | ०.०० | २०००००.०० | २०००००.०० | १३५८६६.०० | २०००००.०० | ४०००००.०० | १०००००.०० | ४०००००.०० |
| १२ - फिर्ता खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २०००००.०० | ०.०० | ०.०० |
| **ख - पूँजीगत खर्च** | **४६८७५५२३.३१** | **६४६२५०००.००** | **९०११९९५०.००** | **७१२२७२६६.६२** | **७४१९८५००.००** | **१०२८०४५००.००** | **८२७२१९२.२८** | **८८४६५०००.००** |
| **६ - पूँजी निर्माण खर्च** | **४६७७५५२३.३१** | **६४२२५०००.००** | **८९९६९९५०.००** | **७११२७२६६.६२** | **७३९९८५००.००** | **१०२६०४५००.००** | **८२७२१९२.२८** | **८८२६५०००.००** |
| ६.०१ - फर्निचर | ११९७९०.०० | २०००००.०० | २५००००.०० | २४९५८९.५० | ३०००००.०० | ४०००००.०० | २१८०९.०० | ३०००००.०० |
| ६.०२ - सवारी साधन | १०९३०६७.०० | ०.०० | ०.०० | ०.०० | २५०००००.०० | ४८०००००.०० | ०.०० | ०.०० |
| ६.०३ - मेशीनरी औजार तथा अन्य उपकरण | ४३२२४८.०० | ५०००००.०० | ९०००००.०० | ८९९५७३.२७ | ५०००००.०० | ८०००००.०० | ०.०० | ५०००००.०० |
| ६.०५ - सार्वजनिक निर्माण खर्च | ४४३५३६३८.९१ | ६३१२५०००.०० | ८८०१९९५०.०० | ६९२६९०४१.०७ | ६९८९८५००.०० | ९५७५९५००.०० | ७७६१८८३.२८ | ८५९६५०००.०० |
| ६.०६ - पूँजीगत सुधार खर्च | ७८११९.४० | ३०००००.०० | ३०००००.०० | २३७३१२.७८ | ३०००००.०० | २०००००.०० | ०.०० | ५०००००.०० |
| ६.०७ - अध्ययन तथा पूँजीगत प्राविधिक परामर्श सेवा खर्च | ६९८६६०.०० | १०००००.०० | ५०००००.०० | ४७१७५०.०० | ५०००००.०० | १२०००००.०० | ४८८५००.०० | १००००००.०० |
| **८. पुँजीगत अनुदान** | **१०००००.००** | **४०००००.००** | **१५००००.००** | **१०००००.००** | **२०००००.००** | **२०००००.००** | **०.००** | **२०००००.००** |
| ८.०१ - सार्वजनिक संस्थालाई अनुदान | १०००००.०० | २०००००.०० | १०००००.०० | १०००००.०० | १०००००.०० | १०००००.०० | ०.०० | १०००००.०० |
| ८.०३ - सेवामूलक संस्थालाई दिईने अनुदान | ०.०० | २०००००.०० | ५००००.०० | ०.०० | १०००००.०० | १०००००.०० | ०.०० | १०००००.०० |
| **९.०२ - भैपरी आउने** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| | | | | | | | | |
| **जम्मा** | **६३०००३९२.८१** | **८१५९५०००.००** | **११००५४९५०.००** | **९३०२३८२८.०६** | **९४७११०००.००** | **१२५६३२०००.००** | **१७६४९७३१.०२** | **१११०६५०००.००** |
| **कार्यक्रम तर्फ** | | | | | | | | |
| **एल.जि.सि.डि.पि. कार्यक्रम** | २६३४०००.०० | २५०००००.०० | ३१५००००.०० | ६६३२१०६.९९ | ३१५००००.०० | ५००००००.०० | १०९४३८०.०० | ६७०००००.०० |
| **बालसंरक्षण अनुदान** | ४४६४००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **कार्यक्रम तर्फको जम्मा** | **३०८०४००.००** | **२५०००००.००** | **३१५००००.००** | **६६३२१०६.९९** | **३१५००००.००** | **५००००००.००** | **१०९४३८०.००** | **६७०००००.००** |
| **कुल जम्मा** | **६६०८०७९२.८१** | **८४०९५०००.००** | **११३२०४९५०.००** | **९९६५५९३५.०५** | **९७८६१०००.००** | **१३११८७०००.००** | **१८७४४१११.०२** | **११७७६५०००.००** |

# आय तर्फ

**१. आन्तरिक स्रोत रू. ३४२६५०००|००**

**१.१ स्थानीय कर रू. ८७१००००|००**

**१.१.१ बक्यौता मालपोत वाट रू ५०००|००**

मालपोत एकिकृत सम्पत्तीकर लागु हुनुपुर्व न.पा.क्षेत्र भित्रको वक्यौता मालपोत वापत रकम लाई जनाउद छ ।

**१.१.२ घर जग्गा कर वाट रू ५०००|००**

न.पा. क्षेत्र भित्रका घर जग्गामा नगरपरिषद वाट स्वीकृत भए वमोजिम संकलन गरिने रकम लाई जनाउदछ । (गत बिगत वर्षहरूमा नगरपरिषद वाट निर्णय भएको )

**१.१.३ वहाल कर वाट रू १५००००|००**

नगरपालिका क्षेत्र भित्रका घर पसल ग्यारेज,गोदाम सेड (छप्पर) कलकारखाना जग्गा पोखरी वहालमा लगाउदा संकलन हुने वहाल कर वापतको रकम लाई जनाउछ ।

**१.१.५ व्यवसाय कर रू १२०००००|००**

नगरक्षेत्र भित्र संचालन गरिएका व्यापार व्यवसाय वाट नगरपरिषद निर्णय अनुसार संकलन गरिने व्यवसाय कर रकम जुन गत विगत सालमा नगरपरिषद निर्णय भएअनुसार संकलन गरिने व्यवसाय कर रकम लाई जनाउछ ।

**१.१.६.१ सवारी दर्ता तथा वार्षिक सवारी कर रू १०००००|००**

नगरपालिका क्षेत्रका सवारी साधन को दर्ता तथा वार्षिक सवारी कर संकलन वाट उठ्ने रकम लाई जनाउछ ।

**१.१.६.२ पटके सवारी कर रू १३०००००|००**

नगरपालिका क्षेत्र भित्र प्रवेश गर्ने निजी तथा भाडाका सवारी साधनहरू नगरपालिका क्षेत्रमा प्रवेश गरे वापत लाग्ने कर लाई जनाउछ ।

**१.१.७ एकिकृत सम्पति कर रू ५५००००० |००**

नगरपालिका ले नगरक्षेत्र भित्रका नगरवासिहरूको सम्पतिमा जस्तै घर जग्गामा लगाईएको सम्पतिकर लाई जनाउछ र एकिकृत सम्पत्ति कर अन्तरगत संरचनाको ह्रासकट्टी दर एकिकृत सम्पत्ति कर ब्यवस्थापन निर्देशिकाको अनुसुची ८ अनुसार हुनेछ । अन्यको हकमा गत वर्षको नगरपरिषदवाट कायम गरिएको अनुसार हुनेछ ।

**१.१.९ विज्ञापन कर रू ४५००००|००**

नगर क्षेत्र भित्रका सडक चौक सार्वजनिक स्थल आदीमा विज्ञापन प्रचार प्रसार आदीका लागि राख्ने साईन वोड ग्लोववोर्ड स्टाईल आदी वाट असुल उपर गरिने रकम लाई जनाउछ । जस्को दररेट गत विगत परिषद वाट नै निर्णय भै सकेको छ ।

**१.२. सेवा शुल्क रू. ५०५००००।००**

**१.२.१ सवारी पार्किङ्ग शुल्क रू ३०००००।००**

नगरपालिकाले व्यवस्था गरेको सवारी पार्किङ्गमा सवारी पार्क गरे वापत लिईने पार्किङ्ग शुल्क वापतको रकम लाई जनाउछ ।

**१.२.२.२ विद्युत महसुल रू १५००००।००**

नगरपालिकाले उपलब्ध गराएको विधुत वापत लगाएको सेवा महसुल जस्तै न.पा. वाट नमार्ण गरेको व्यवसायीक भवनहरूमा जडान भएका विधुत मिटर मा लिईने विधुत महसुल वापतको रकम लाई जनाउछ ।

**१.२.६ अचल सम्पत्ति मुल्यांकन सेवा शुल्क रू. १०००००।००**

नगरपालिकाले अचल सम्पत्ति मुल्यांकन गरी प्राप्त गर्ने सेवा शुल्क वापतको रकम ।

**१.२.७ स्थानीय विकास शुल्क रू. ३७००००००।००**

क. स्थानीय विकास शुल्क चालु रू ०।००

नगरपालिकाले संकलन गर्दै आएको चुगीकर वापतको रकमको सट्टमा नेपाल सरकार वाट नगरपालिकालाई उपलब्ध गराउने स्थानीय विकास शुल्क वापतको चालु रकम लाई जनाउछ ।

ख. स्थानीय विकास शुल्क पुंजीगत रू ३७००००००।००

नगरपालिकाले संकलन गर्दै आएको चुगीकर वापतको रकमको सट्टमा नेपाल सरकार वाट नगरपालिकालाई उपलब्ध गराउने स्थानीय विकास शुल्क वापतका पुंजीगत रकम लाई जनाउछ ।

**१.२.८ अन्य सेवा शुल्क रू ८०००००।००**

नगरपालिकाले नगरवासिहरूमा सेवा प्रदान गरेवापत लिईने शुल्क रकम लाई जनाउछ ।

**१.३. दस्तुर रू. ५८७०००००।००**

**१.३.१ दर्ता नविकरण रू १५००००।००**

प्रचलित कानुनको अधिनमा रहि नगरपालिकाले गर्ने जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता एव. जुनसुकै प्रकारका निवेदनहरू दर्ता हुन आएमा लाग्ने दस्तुर लाई जनाउछ ।

**१.३.२ नक्सा पास दस्तुर रू २२००००००।००**

नगरपालिका क्षेत्र भित्र निमार्ण गरिने घर गोदाम आदी को नक्सा पास गर्दा लाग्ने दस्तुर लाई जनाउछ ।

**१.३.३ सिफारिस तथा सिफारिस दस्तुर रू ३२००००००।००**

नगर पालिकाले विभिन्न प्रकारका सिफारिस तथा सर्जमिन गरे वापत लिईने दस्तुर रकम लाई जनाउछ ।

**१.३.४ नाता प्रमाणित दस्तुर रू २०००००।००**

ऐनको दफा २५९ वमोजिम नगरपालिकाले नाता प्रमाणित गरि दिए वापत लिईने दस्तुर रकम लाईजनाउछ ।

**१.३.५ अन्य दस्तुर रू १२००००|००**

नगरपालिकाले प्रत्यक्ष कानुनको अधिमा रहि लिईने दस्तुर लाई जनाउछ ।

**१.४ विक्री रू. ४१००००|००**

**१.४.१ चालु सम्पति विक्री रू. १००००|००**

नगरपालिकामा रहेको चालु सम्पति विक्री गर्दा प्राप्त हुने रकम लाई जनाउछ ।

**१.४.३ अन्य विक्री रू ४०००००|००**

नगरपालिकाले अन्य कुनै चिजहरू जस्तै निवेदन, घर नक्सा निवेदन नागरीकता फारम र अन्य फारम विक्री गरे वापत लिईने रकम लाई जनाउछ । निर्णय विगत परिषद वाट भए वमोजिम हुने छ ।

**१.७ अन्य आय रू. १४२२५०००|००**

**१.७.१ दण्ड जरिवाना वाट रू ६०००००|००**

कानुनको अधिनमा रहि नगरपालिकाले कुनै व्यक्ति वा सस्था वाट गरिने दण्ड जरिवाना र नगरपालिका वाट निर्माण गरेका व्यवसायीक भवनहरू वाट समयमा भाडा रकम नवुझाएमा लिईने जरिवाना लगाएत अन्य दण्ड जरिवाना वापतको रकम लाई जनाउछ ।

**१.७.२ भाडा तथा वहाल वाट प्राप्त आय रू. ५००००००|००**

नगरपालिकाको चलअचल सम्पति कुनै व्यक्ति वा सस्था लाई प्रयोग गर्न दिए वापत लिईने भाडा रकम जस्तै व्यवसायीक भवनहरू, गुद्री टहरा, जग्गा आदी ।

**१.७.३ धरौटीजफत रू. २५०००|००**

नगरपालिकामा राखिएको धरौटी वापतको रकम जफत गर्दा प्राप्त हुने आय ।

**१.७.६ अन्य विविध आय रू ७५०००००|००**

माथी उल्लेखित आम्दानी शिर्षकहरूमा नपरेका अन्य कुनै किसिमका आम्दानी नगरपालिका लाई उपलव्ध हुन आएमा त्यस्ता रकम लाई यस शिर्षकमा आम्दानी वाध्नु पर्छ । जस्तै : मवेशी हाट कर, हाटवट्टि कर आदी ।

**१.७.६.१मर्मत सम्भार कोष रू ९०००००|००**

न.पा. ले योजना संचालन गर्दा कट्टा गरेको १% मर्मत सम्भार कोष वापत प्राप्त हुने रकमलाई जनाउछ ।

**२. वाह्य श्रोत अनुमानीत रू. ८३५००००००|००**

**२.१ अनुदान रू. ४००००००००|००**

**२.१.१.१नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान रू. २५००००००|००**

नेपाल सरकारले निश्चित कार्यमा वा कार्यक्रमको लागि खर्च गर्ने गरी शर्त सहित उपलब्ध गराएको अनुदान वापतको रकमलाई जनाउदछ । जस्तैः जगेडा कोषबाट प्राप्त हुने आय, सडक बोर्ड नेपाल बाट प्राप्त हुने आय आदी ।

**२.१.१.२ नेपाल सरकारबाट प्राप्त निसर्त अनुदान रू. १५००००००।००**

नेपाल सरकारले निश्चित कार्यक्रम नतोकि नगरपालिकाको स्वनिर्णयबाट खर्च गर्न पाउने गरी उपलब्ध गराएको अनुदान वापतको रकमलाई जनाउदछ । जस्तैः नेपाल सरकारबाट प्राप्त हुने निर्शत चालु अनुदान, नेपाल सरकारबाट प्राप्त हुने निर्शत पुंजीगत अनुदान ।

**२.३.१. अन्य अनुदान**

**२.३.१.१ अन्य निकायबाट प्राप्त अनुदान अनुमानीत रू. ७००००००।००**

नेपाल सरकार र जिल्ला विकास समिति बाहेक अन्य निकायबाट प्राप्त अनुदान रकम यस शिर्षकमा पर्दछ ।

**३.१ जि.वि.स. बाट राजश्व बाँडफाँड आय रू. १५०००००।००**

**३.१.१ श्रोत उपयोग कर वाट वांडफाडं अनुमानित रू १५०००००।००**

ऐनको दफा २१५(३) वमोजिम जिल्ला विकास समिति वाट नगरपालिका लाई प्राप्त हुने वाडफाडको रकम लाई जनाउछ ।

**४.१ वैदेशिक सहायता रू. ८००००००।००**

**४.१.१ सर्शत अनुदान अनुमानित रू ८००००००।००**

कुनै खास कार्यक्रमको लागि नेपाल सरकार वा नेपाल सरकारको पूर्व स्वीकृती लिई दातृ सस्था मुलुक वा विदेशिक नागरिक ले नगरपालिकामा उपलव्ध गराएको नगद अनुदान वापतको रकम ।

**४.१.२ निर्शत अनुदान अनुमानित रू ०।००**

निश्चित कार्यक्रम नतोकी नेपाल सरकार वा नेपाल सरकारको पूर्व स्वीकृती लिई दातृ सस्था मुलुक वा विदेशिक नागरिक ले नगरपालिकामा उपलव्ध गराएको अनुदान ।

**७.१.२ अन्य ऋण (स्वदेशी) अनुमानित रू १००००००००।००**

अन्य स्वदेशी निकायबाट लिईने ऋणको रकम ।

**८.१.२ लागत सहभागीता अनुमानित रू १२००००००।००**

नगर स्तरीय योजना संचालन गर्न सरोकारवालाहरूबाट प्राप्त हुने नगद सहयोग तथा लागत सहभागिताको रकम ।

**१७.१ आम्दानी खर्चको हिसाव (अल्या) अनुमानित रू ५००००००।००**

विभिन्न शिर्षकमा आन्दानी खर्च भै बर्षान्तमा वाकी रहेको रकम आ.व. ०७३।०७४ सालमा सर्न आउने अल्या रकम ।

# **खर्च तर्फ**

## **(क) चालु खर्च अनुमानीत रू. २२६०००००।००**

## **१. उपभोग खर्च अनुमानीत रू. १३८६००००।००**

**१.०१.१ तलब कर्मचारी अनुमानीत रू ९८००००।००**

यस शिर्षक भित्र निम्न अनुसारका न.पा.मा कार्यरत कर्मचारीहरूलाई मासिक रूपमा दिईने तलब वापतको रकम लाई जनाउछ ।

**नोट :** उक्त तलब रकम भित्र नगरपालिका वाट थप गरिने कर्मचारी संचय कोष र दशै खर्चको रकम समेत समावेश गरिएको छ ।

**१.०१.३ कर्मचारी कल्याण कोष रू २००००००।००**

न.पा.को नियमावलीमा तोकिए अनुसार बार्षिक रूपमा कर्मचारी कल्याण कोषमा जम्मा हुने रकम लाई जनाउछ ।

**१.०१.४ विमा प्रिमियम खर्च रू ११००००।००**

यस शिर्षमा तोकिएको रकम न.पा.का विभिन्न सम्पति तथा कर्मचारीहरूको स्वीकृत विमा वापत को विमा खर्च लाई जनाउछ ।

**१.०२.१ कर्मचारी भत्ता रू ५०००००।००**

यस शिर्षकमा तोकिएको रकम न.पा.को कर्मचारीहरूको स्थानियश्रोत वाट दिईने भत्ता वापतको रकम लाई जनाउछ ।

**१.०२.२ पदाधिकारी भत्ता रू ५००००।००**

न.पा.का पदपूर्ति समितिका अध्यक्ष लाई मासिक रूपमा दिईने भत्ता रकम लाई जनाउछ ।

**१.०२.३ वैठक भत्ता रू ५०००००।००**

न.पा.का कर्मचारी तथा पदाधिकारीहरूलाईनियमानुसार दिईने वोर्ड वैठक, राजश्व परामर्श समितिको बैठक तथा अन्य विभिन्न बैठकहरू वस्ता दिईने वैठक भत्ता वापतको रकम लाई जनाउछ ।

**१.०३ सरूवा भ्रमण खर्च तथा दैनिक भत्ता रू ५००००।००**

एक नगरपालिका वाट अर्को नगरपालिकामा सरूवा भएको वा दरवन्दी यथास्थानमा राखी काज सरूवा भएको कर्मचारी र निजले नियमानुसार पाउने परिवारको निर्धारित दरमा सवारी खर्च त्यस्तै हवाई उडान कर भ्रमण सम्वन्धी विमा खर्च र नगरपालिका वाट स्वीकृत भ्रमण सम्वन्धी खर्च र नियमानुसारको दैनिक भत्ता र नगरपालिका कर्मचारीहरू न.पा.को कममा पठाउदा दिईने दैनिक भ्रमण खर्च आदी रकम लाई जनाउछ ।

**१.०४ पोसाक रू ४५००००।००**

नगर प्रहरी, दमकल कर्मचारी, विदेश जाने कर्मचारी पदाधिकारी तथा नगरपरिषदले तोकेको अन्य न.पा. कर्मचारीहरूको पोसाक वापतको रकम ।

**१.०५ खाध्य तथा आहार रू १०००००|००**

नगरपालिकाका कर्मचारीहरू,नगर प्रहरी अन्य नगरपरिषदको निर्णय अनुसार उपलब्ध गराउने खाध्य पर्दाथको मोल र जनावर पशुपंक्षी (न.पा.को कान्जी हाउसमा परेका) को आहारा सम्वन्धी खर्च ।

**१.०६ औषधी उपचार रू २०००००|००**

नगरपालिकाका कर्मचारीहरलाई नियमानुसार दिईने औषधी उपचार वापतको खर्च रकम लाई जनाउछ ।

**१.०८ तालिम कार्यक्रम खर्च रू १०००००|००**

नगरपालिकाका कर्मचारीको व्यक्तिगत विकास वा क्षमता अभिवृद्धिका लाई दिईने तालिम गोष्ठी कार्यशाला संचालन सम्वन्धी रकम लाई जनाउछ ।

**२. कार्यालय संचालन खर्च रू ६९४००००|००**

**२.०१ पानी तथा विधुत महसुल रू ४०००००|००**

नगरपालिका कार्यालयका नाउमा जडान भएका विधुत मिटरहरू (कार्यालय ,न.पा. को व्यापारिक भवनहरू र गुद्री वजार) को विधुत महसुल वापतको रकम र न.पा.को नाउमा रहेको खानेपानी को धारा महसुल वापतको रकम तथा न.पा. ले गत/विगतको ने.वि.प्रा. लाई बुझाउनु पर्ने बक्यौत वापतको रकम लाई जनाउछ ।

**२.०२ संचार महसुल रू ३०००००|००**

न.पा. को नाउमा रहेको टेलिफोन, मोवाईल र टंकल टेलेक्स महसुल खर्च ,वेभ साईट वापतको खर्च, कम्प्युटर, फ्याक्स प्रयोग गरे वापत तिर्नू पर्ने महसुल र यस्तै अन्य संचार सम्वन्धी खर्च एवं यस सम्वन्धी सुविधा खर्च रकम पर्दछ ।

**२.०३ कार्यालय संचालन सम्वन्धी खर्च रू २००००००|००**

यस शिर्षक अर्न्तगत देहायका शिर्षक हरू पदर्छन ।

(क) चिट्ठी, पार्शल, टिकट खर्च, रजिष्टर, रसिद फिर्ता, रसिद खर्च र कुरियर खर्च वापत लाग्ने

(ख) न.पा. को सुचना, लिलाम, ठेक्का पट्टा घटाघट वढावढ वोलपत्र सम्वन्धीसुचना प्रकासित गरे वापत प्रकासन खर्च

(ग) वैक दस्तुर, क्षतिपुर्ति र अन्य सेवा खर्च

(घ) कार्यालयको दैनिक प्रयोगमा ल्याईने कागज, खाम, फारम, रेकर्ड फायल,स्टेपलर, पंचिङ मेसिन जस्ता मेसिन र यीनका लागि चाहिने आवश्यकअन्य सामानहरू, कलम, मसि, पेन्सील आदी जस्ता कार्यालय संचालन सम्वन्धीस्टेसनरी सामानको मोल वापतको रकम

(ङ) एक वर्ष भन्दा वढी टिकाउ हुने अरू कार्यालय सामानहरू र सुरक्षाकामेसिन औजारका लागि आवश्यक सामानहरू सहयोगी सामाग्री आदीकोखर्च एक वर्ष भन्दा

वढि टिकाउ हुने तर प्रति इकाई भन्दा कम मुल्यकाअरू कार्यालय सामानहरूको खर्च

(च) कार्यालयका लागि आवश्यक छपाई जस्तै मालपोल ,एकीकृत सम्पति करकोरसिद राजश्व शाखाको रसिद घर नक्सा फरम जस्ता छपाई सम्वन्धी खर्च

(छ) पत्र पत्रिका तथा कार्यालय सम्वन्धी पुस्तक खरिद वापत

(ज) न.पा.को प्रयोगकालागि सामान ढुवानी खर्च

(झ) माथी उल्लेखित सामान वाहेका कार्यालयमा सामान

**२.०४ भाडा रू १५००००|००**

यस रकम भित्र न.पा.का लागि भाडामा लिएको घर जग्गा गोदाम मेसिन सवारी साधन तथा यस्तै पुँजीगत सम्पति प्रयोग गरे वापतको भाडा खर्च यस शिर्षकमा पदर्छ ।

**२.०५ मर्मत तथा संभार रू ५०००००|००**

यस रकम भित्र सामान्यतया नियमित रूपमा विभिन्न किसिमका सामनहरूको मर्मत संभार गर्न चाहिने सामान र ज्याला खर्चहरू पर्दछन जस्तै सवारी साधन मेसिन उपकरण फर्निचर आदी मर्मत संभार खर्च ।

**२.०६.२ सवारी इन्धन कर्मचारी अनुमानीत रू. १००००००|००**

नगरपालिकाको काममा प्रयोग हुने नगरपालिका कर्मचारीले प्रयोग गर्ने सवारीको लागि चाहिने लुव्रिकेशन, इन्धन आदीको खर्च ।

*तर, सरसफाईको निमित्त प्रयोग हुने सवारी सधान, दमकल, एम्बुलेन्स, लागत इष्टिमेटमा परेको निर्माण सामग्री ओसार्ने सवारी साधान र हेभी मेशिनरीमा प्रयोग भएको इन्धन खर्च सम्बन्धित बजेट रकममानै पर्दछ ।*

**२.०६.३ अन्य इन्धन अनुमानीत रू. २०००००|००**

प्रशासनिक कार्यमा प्रयोग हुने मट्टितेल, ग्यास, इन्धन खर्च र सवै प्रकारका बेट्रिहरूको खर्च जस्तै न.पा. को सवारीसाधनमा लाग्ने बेट्रिको खर्च समेत समावेश गरीएको छ ।

**२.०७.१ परामर्श शुल्क अनुमानीत रू. ८०००००|००**

पुंजीगत निर्माण अन्तरगत नपरेका वा त्यस्तो निर्माण सम्बन्धि नभएका अध्ययन, अनुसन्धान गराएको खर्च विशेषज्ञ, सल्लाहकार तथा नगरपालिकामा मुद्धा परेमा कानूनी सल्लाहकार राख्नु परेमा दिईने पारिश्रमिक रकम वापतको खर्चलाई जनाउदछ् ।

**२.०८.१ सदस्यता शुल्क अनुमानीत रू. ३००००|००**

राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्थालाई दिईने चन्दा, सदस्य शुल्क वापत दिईने रकम ।

**२.०८.३ पुरस्कार अनुमानीत रू. ६००००|००**

स्वीकृत कार्यक्रम र बजेट अनुसार नगरपालिकाबाट विभिन्न ब्यक्ति, कर्मचारी वा संघसंस्थालाई प्रदान गरीने पुरस्कार रकमलाई जनाउदछ ।

**२.०८.४ परिषद संचालन खर्च अनुमानीत रू. ५०००००|००**

नगर परिषद गर्दा लाग्ने सम्पुर्ण खर्च रकमलाई जनाउदछ ।

**२.०८.५ विविध खर्च अनुमानीत रू. १००००००|००**

स्वीकृत बजेटको परिधिभित्र रही खर्च गर्ने गरी मनोरञ्जन, प्रदर्शन, चियापान, भोजहरूको खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च, अतिथि सत्कार खर्च, पुजाआजा खर्च, नगरपालिका कर्मचारी तथा पदाधिकारीहरूको भ्रमण स्वीकृत भैपरी खर्च तथा अन्य कुनै शिर्षकमा नपरेका विविध खर्च रकमलाई जनाउदछ ।

**३. अनुदान अनुमानीत रू. ६५००००|००**

**३.०३ सार्वजनिक संस्थालाई अनुदान अनुमानीत रकम रू. १५००००|००**

यस अन्तरगत नगरपालिकाको निर्णय बमोजिम विभिन्न सामाजिक संस्था, धार्मिक संस्था, मठ, मन्दिर, क्लवहरू, नागरीक समाज, निजी ब्यवसायलाई दिईने संचालन अनुदान सम्बन्धि खर्चहरू यस्मा सवै शिक्षण संस्था, अस्पताल आदी सेवामुलक संस्थालाई दिईने संचालन अनुदानको रकम सोही शिर्षकमा पर्दछ ।

**३.०४ सामाजिक सुरक्षा अनुदान अनुमानीत रू. ५०००००|००**

यस अन्तरगत नगरपालिकाको आफ्नो श्रोत वा नेपाल सरकार बाट वा अन्य संघ संस्था मार्फत उपलब्ध गराएको श्रोतबाट नागरीकहरूलाई सामाजिक सुरक्षा वापत प्रदान गरीने विभिन्न किसिमका बृद्ध, असहाय, विधवा, सडक बालबालिका वा राज्यले दायित्व ब्यहोर्ने गरेका ब्यक्तिहरूलाई प्रदान गरीने भत्ता तथा आर्थिक सहायता र बन्दीहरूको लागि दिईने खाना, सिदा, कपडा र अन्य सहुलियत एवं दैवि प्रकोप वा अन्य कारणले पिडित ब्यक्तिहरूलाई दिईने क्षतिपुर्ति एवं मुआब्जा सम्बन्धि खर्च यस शिर्षकमा पर्दछ । साथै सामाजिक सुरक्षा वापत वितरण गरीने जि.वि.स. बाट प्राप्त हुने रकम यस शिर्षकमा परेको छैन ।

**४. सेवा खर्च अनुमानीत रू. ११५००००|००**

**४.०३ पुस्तक तथा सामग्री अनुमानीत रू. १५००००|००**

नगरपालिकाले निःशुल्क रूपमा वितरण गर्ने पुस्तक, खेलकुद तथा शैक्षिक सामग्री, सार्वजनिक पुस्तकालयको लागि खरीद गरीने पुस्तक, कार्यालयको लागि खरीद गरीने पत्रपत्रीका आदी पर्दछ ।

**४.०४ कार्यक्रम खर्च अनुमानीत रू. १०००००|००**

यस शिर्षक अन्तरगत गोष्ठी, सार्वजनिक रूपमा दिईने आयआर्जन सिपविकास, सशक्तिकरण, चेतना जागरण, तालिम संचालन गर्ने खर्च (सहभागीको भत्ता समेत) चेतनामुलक सूचना तथा विज्ञापन खर्च, सेवाग्राहीलाई सेवा दिदां लाग्ने श्रोत ब्यक्तिको भत्ता, न.पा. बाट संचालित मठ मन्दिरको पुजापाठ, यज्ञ, जप आदी कामको लागि लाग्ने खर्चहरू पर्दछ्न ।

**४.०५.२ कार्यक्रम भ्रमण खर्च कर्मचारी रू. ५०००००|००**

नगरपालिकाको कामको सिलसिलामा स्वदेश तथा विदेशमा भ्रमण गर्नुपर्दा वा कार्यक्रम कार्यान्वयनको सिलसिलामा काममा खटिँदा नगरपालिकाका कर्मचारीहरूको लागि लाग्ने भ्रमण तथा दैनिक भ्रमण भत्ता ।

**४.०६ निर्मित सार्वजनिक सम्पत्तिको सम्भार खर्च अनुमानीत रू. ४०००००।००**

यस शिर्षक अन्तरगत नगरपालिकाद्धारा निर्माण भएका सार्वजनिक सम्पत्ति जस्तै सडक, पुल, नहर, विद्युत गृह, भवनको नियमित मर्मत सम्भार खर्च तथा त्यस्ता सम्पत्तिको विमा खर्च समेत पर्दछ ।

**ख. पुंजीगत खर्च अनुमानीत रू. ८८४६५०००।००**

**६. पुँजी निर्माण खर्च अनुमानीत रू. ८८२६५०००।००**

**६.०१ फर्निचर अनुमानीत रू. ३०००००।००**

नगरपालिकाको प्रयोजनाको लागि खरीद भएको फर्निचरको मोल र यस सम्बन्धि ढुवानी, भाडा, विमा, कर आदीको खर्च रकमलाई जनाउदछ ।

**६.०३ मेशिनरी औजार तथा अन्य उपकरण अनुमानीत रू. ५०००००।००**

विभिन्न किसिमको भारी मेसिन, खेती सम्बन्धी मेसिन र औजार, ट्रयाक्टर (ढुवानी काममा प्रयोग हुने देखि बाहेक), जेनेरेटर, ट्रान्सफरमर, कारखानाको सामान, निर्माण सम्बन्धि मेसिनरी, सञ्चारका सामान, बैज्ञानिक यन्त्र र सामान, नाप तथा तौलका सामान, तस्वीर खिच्ने सामान, प्राविधिक, ड्राफटिङ्ग सम्बन्धी सामान, कार्यालय मेसिन औजार जस्तैः टाईपराईटर, मिमियोग्राफ, कम्प्युटर, प्रिन्टर आदी मेसिन र औजारका मुख्य भागनै बदलिई मर्मत गर्नुपरेमा सोको खर्च यसको लागि आवश्यक भाडा भरौट शुल्क, कर, विमा आदी खर्चहरू नगरपालिकालाई आवश्यक हुने एक बर्ष भन्दा बढी टिकाउ हुने खालका देहायका सामानहरूको मोल पर्दछ ।

क. हिटर, पंखा, टेलिफोन सेट, क्यालकुलेटर, चेकराईटर, विजुलिको मिटर, टर्चलाईट, टेलिफोन, रेडियो, टेलिभिजन आदीको लागि आवश्यक पर्ने सानातिना प्राविधिक सामानहरू

